# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २ गते २०३२ साल

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही सेनाको लागि थानकोटमा आधुनिक रेञ्ज बनाउनको निमित्त वाग्मती अञ्चल, काठमाडौं जिल्ला थानकोट गाउँ पञ्चायत अन्तर्गत निम्न वडा नम्बरहरूमा पर्ने निम्न–लिखित थप जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

वडा नं. १ (ग) को पूर्व बाटो, पश्चिम कि. नं. ४ को बाँकी जग्गा, उत्तर बाटो, दक्षिण कि. नं. ४, ५३, ५४, ५५, ५६, ५८, ५९, ६२ को बाँकी जग्गा यति चारकिल्लाभित्रको कि. नं. ४ मध्ये १–१–०, कि. नं. ५३ मध्ये ०–८–२, कि. नं. ५४ मध्ये ०–७–१, कि. नं. ५५ मध्ये ०–३–०, कि. नं. ५६ मध्ये ०–१–०, कि. नं. ५७ को पूरा २–१३–२, कि. नं. ५८ मध्ये ०–२–२, कि. नं. ५९ मध्ये ०–२–३, कि. नं. ६० को पूरा १–८–०, कि. नं. ६१ को पूरा ०–३–१, कि. नं. ६२ मध्ये ०–६–१, समेत जम्मा जग्गा ७–९–०, (सात रोपनी नौ आना) को जम्मा मालपोत रू. २८।९६ (अट्ठाईस् रूपैयाँ छयानब्बे पैसा) लागेको कित्ता ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वडा नं. २ (ग) को पूर्व बाटो, पश्चिम वन सीमाना, उत्तर पहिले अधिग्रहण भइसकेको रेञ्जको जग्गा, दक्षिण बाटो यति चारकिल्लाभित्रको कि. नं. २८ मध्ये ०–६–०, कि. नं. २९ मध्ये ४–११–०, कि. नं. ३० मध्ये ०–१३–०, कि. नं. ४२ मध्ये २–१०–०, कि.नं. ४३ मध्ये १–०–०, कि. नं. ४६ मध्ये ०–१५–२, कि. नं. ४७ मध्ये १–७–२, कि. नं. ४८ मध्ये ०–११–०, कि. नं. ९१ मध्ये ०–८–०, समेत जम्मा जग्गा १३–२–२ (तेह्र रोपनी दुई आना दुई पैसा) को जम्मा मालपोत रू. ४३।८१ (त्रीचालीस रूपैयाँ एकासी पैसा) लागेको कित्ता।

वडा नं. २ (घ) को पूर्व वडा नं २ (ग), पश्चिम वन सीमाना, उत्तर कि. नं. ४, ७ र कि. नं. ८ को बाँकी जग्गा दक्षिण पहिले प्राप्त गरेको रेञ्जको जग्गा, यति चारकिल्लाभित्रको कि. नं. ५ मध्ये ५–१२–२ कि. नं. ६ मध्ये ४–२–०, कि. नं. ८ मध्ये ४–२–० समेत जम्मा जग्गा रोपनी १४–०–२ (चौध रोपनी दुई पैसा) को जम्मा मालपोत रू. ४६।५८ (छयालीस रूपैयाँ अन्ठाउन्न पैसा) लागेको कित्ता।

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।